**Humanities and Social Sciences Journal**
2025; Volume 17, Numbers 1-2: 130-140
https://rrlc.tu.edu.np
doi: https://doi.org/10.3126/hssj.v17i1-2.97401
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project
Management Committee (RMC)

# अमर आकाशका कवितामा प्रेम

**डा. बिन्दु शर्मा**
उपप्राध्यापक, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ
Email: bindu2033@gmail.com
https://orcid.org/ 0009-0008-5093-1416

**To cite this article:** Sharma, B. (2025). अमर आकाशका कवितामा प्रेम. *Humanities and Social Sciences Journal*, *17*(1-2), 130-140. https://doi.org/10.3126/hssj.v17i1-2.97401

**Received:** June 5, 2026; **Accepted:** July 10, 2026; **Published:** July 16, 2026

## लेखसार

प्रस्तुत लेखमा अमर आकाशका कवितामा प्रेमको अभिव्यक्तिका निम्ति प्रयुक्त दार्शनिक पक्षको खोजी गरी त्यसको औचित्यको मूल्याङ्कन गरिएको छ । प्रेम भनेको व्यक्तिले रुचाएका प्रियपात्रहरूको खुसी र स्वतन्त्रतामा आनन्दित हुन खोज्ने मनोभाव हो । यसले प्रेम गर्ने व्यक्तिहरूमा एकापसमा आदरको भाव र विश्वासको वातावरण सिर्जना गर्ने काम गर्दछ । त्यसैले यसमा वैयक्तिक प्रतिस्पर्धा, ईर्ष्या वा द्वेषका विपरीत हार्दिकता, पल पलको निकटता, मैत्री र करुणाको भावना कायम भइरहन्छ । अमर आकाश पछिल्लो पुस्ताका सक्रिय कवि हुन् । उनको 'टुङ्गना' ( २०८०) कवितासङ्ग्रहमा सङ्कलित 'तिमी छैनौ', 'तिमी' र 'मसिहा पप्पी' कवितालाई सोद्देश्यमूलक रूपमा चयन गरी तिनमा अभिव्यक्त प्रेमको आशय पहिचान गरिएको छ। प्रेम अभिव्यक्तिका दृष्टिले अमर आकाशका कविताको वैचारिक प्रक्रिया वा प्रेमानुभूतिका दार्शनिकता केकस्ता छन् र तिनले केकस्तो अन्तर्दृष्टि दिएका छन् भन्ने समस्याको समाधानहेतु यस लेखमा उपर्युक्त कवितामा प्रयुक्त प्रेमको दार्शनिकता विश्लेषण गर्ने उद्देश्य रहेको छ। यस अध्ययनका निम्ति हन्ह (सन् २००८) का बुद्धका र सिंह (२०८०) का रुमीका प्रेमसम्बन्धी आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक शोधअन्तअन्तर्गत चयन गरिएका कविताहरूको पाठगत विश्लेषण गरिएको छ । यस क्रममा यस लेखमा अमर आकाशका कवितामा प्रेममा हुने करुणा र मैत्री तथा प्रसन्नता र पीडाको सम्प्रेषण भएको र कवितामा दुवै पक्षको अभिव्यक्ति प्रभावकारी भए पनि वक्ताको आशय चाहिँ करुणा र मैत्रीमा आधारित प्रेमको उदात्तता सम्प्रेषणतर्फ अभिमुख रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जि :* उदात्तता, करुणा, प्रसन्नता, मसिहा, मैत्री, सौन्दर्य

*© Author(s). This paper is distributed under the terms of the Creative Commons CC BY-NC 4.0 DEED (https://creativecommons.org/licenses/by-nc/4.0/), which permits copying and redistributing the material in any medium or format for non-commercial uses with proper attribution to the creator.*

## विषयपरिचय

प्रस्तुत अध्ययनमा अमर आकाशका कवितामा प्रयुक्त प्रेमले सिर्जना गरेको सौन्दर्यको विश्लेषण र मूल्याङ्कनलाई विषय बनाइएको छ । अमर आकाश चितवनमा जन्मिएर काठमाडौँलाई आफ्नो कर्मथलो बनाउँदै वि.सं.२०६० को दशकदेखि कविता सिर्जनामा सक्रिय स्रष्टा हुन् । उनको २०६९ सालदेखि २०७९ सालसम्म रचना गरिएका चालिस ओटा कविताहरू सङ्गृहीत *टुङ्गना* (२०८०) शीर्षकको कवितासङ्ग्रह प्रकाशित छ । उनका कवितामा प्रेमिल अनुभूति, ग्रामीण परिवेश, काठमाडौँ सहरको सांस्कृतिक सम्पदाको चित्रण, सत्ताको मूल धारबाट किनारीकृत पात्रका जीवनभोगाइ, मनोभाव तथा विभेदप्रतिको आलोचनात्मक स्वरको कलात्मक प्रस्तुति पाइन्छ । चार खण्डमा विभाजन गरिएको *टुङ्गना* सङ्ग्रहको पहिलो 'मसिहा पप्पी' खण्डका कवितामा जीवन, प्रेम, मृत्यु, राष्ट्रियता जस्ता सार्वभौम अनुभूतिको दार्शनिक प्रस्तुति रहेको छ भने दोस्रो 'काटिएको रुख' खण्डमा वर्तमान युगको सांस्कृतिक पतनका कारण अतीतमुखी बन्दै गएको सामाजिक चिन्तनलाई मिथक र समसामयिक समाजको मूल्यहीनतासँग जोडेर प्रस्तुत गरिएको छ । त्यसै गरी 'सुस्केरा' शीर्षक दिइएको तेस्रो खण्डका कवितामा काठमाडौँको खस्किँदो सहरी सौन्दर्य र मान्छेको ऐँजेरु जस्तो पराश्रित जीवनपद्धतिप्रतिको असन्तुष्टि प्रकटीकरणलाई बढी महत्त्व दिइएको छ । 'हराएको सहरमा फेला परेको राज्य' शीर्षक दिइएको चौथो खण्डका कवितामा चाहिँ मान्छेलाई जन्म र मृत्युको चक्रमा पेलिएको, एकोहोरो, यान्त्रिक र सीमान्तीय अनुभूतिमा बाँचेको एवम् नियतिको खेलमा निसास्सिनुपरेको विवश परिस्थितिको बोधसहितको असङ्गतिप्रति असहमति र विद्रोही चिन्तन प्रस्तुत गरिएको छ । उनका कविता पढ्दा जीवनबाट विरक्तिँदै निरपेक्ष बन्न खोजेको पाठकलाई पुनः जीवनको लयमा फर्काउनका लागि चाहिँ कवितामा प्रेमलाई अँध्यारो रातमा टिमटिमाइरहेको शुक्रतारा जस्तो प्रभावकारी बनाएर प्रस्तुत गरिएको छ । अतः आकाशको *टुङ्गना* सङ्ग्रहका कवितामा अनुभूतिलाई शब्दमा खिपेर प्रेममय भावमा रूपान्तरण गर्ने प्रक्रियाको अध्ययन आवश्यक परेको हो । यसका निम्ति अभिव्यक्तिको परात्मकतालाई त्यागेर कवितामा नयाँ र ताजा निजात्मक प्रभाव सिर्जना गर्ने साहित्यिक तत्त्वका रूपमा प्रेमले भूमिका खेलेको हुन्छ ।

मान्छेको अन्तरमनमा सिर्जना हुने आत्मीयतापूर्ण अनुभूतिको विशिष्ट भाव नै प्रेम हो । विभिन्नतामा पनि समानताको बोध गराउने हुनाले अवरोध होस वा प्रतिकूलता जस्तोसुकै स्थितिमा पनि यसमा स्वीकारको भाव विद्यमान हुन्छ । त्यसैले अरूको खुसी र स्वतन्त्रतामा आनन्दित हुनु, प्रेमी प्रेमिकाप्रति आदरको भाव सिर्जना भइरहनु र विश्वासको वातावरण बनिरहनु यसका विशिष्टता हुन् । अन्य वस्तु वा सुविधाको प्राप्तिमा जस्तो यसमा न त प्रतिस्पर्धा हुन्छ र न त लुछाचुँडी नै बरु प्रियसँगको निकटताको चाहना निरन्तर भइरहन्छ । तर प्रेम अरूमाथि अधिकार जमाउने स्वार्थमा आधारित छ भने त्यसले कसैलाई पनि सुख र शान्ति दिँदैन (हन्ह, सन् २००८, पृ. २७९) बरु उल्टै जन्जाल र बन्धन मात्र लाग्न सक्छ । यस्तो अवस्थामा व्यक्तिले मुक्ति चाहने भएकाले प्रेम क्रोध र धृणामा पनि बदलिन सक्छ । त्यसैले सांसारिक प्रेमबाट माथि उठेर शाश्वत प्रेमको तहमा प्रवेश गरेपछि मात्र हृदय प्रेममय हुन्छ र सबै कुरा प्रेमिल देखिन्छन् । यस्तो अवस्थामा प्रेमको सूक्ष्म स्पर्शले मात्र पनि जो कुनैको हृदयमा उज्यालोको भाव सञ्चार गराउँछ (सिंह, २०८०, पृ. ३८) । हृदयको त्यही उज्यालो आभाले नै कविता सिर्जनामा प्रमुख भूमिका खेल्ने भएकाले प्रेमले रहस्यमयी

आनन्दानुभूतिसँगै जीवनको पूर्णतालाई अभिव्यञ्जित गरेर कविताको सौन्दर्यलाई सार्थक बनाउने हुँदा यसलाई कविताको विश्लेषणमा प्रयोग गर्न सकिन्छ ।

अमर आकाशका कवितामा प्रेम अभिव्यक्तिको प्रक्रिया कस्तो छ र तिनमा प्रेमानुभूतिका निम्ति केकस्ता युक्तिहरू उपयोग गरिएका छन् भन्ने समस्या यस अध्ययनमा रहेका छन् । आकाशका कवितालाई साकार (२०८०) ले कविलाई तिख्खर र विचारोत्तेजक कविका रूपमा उभ्याउन प्रयासरत एवम् बिम्बहरूको नवीन प्रस्तुतिले पाठकलाई प्रभावित गर्ने रचनाका रूपमा चिनाएका छन् । शर्मा (२०८०) ले जीवनयापनका क्रममा देखा पर्ने भोक र यातनाविरुद्ध कविता लेख्ने तथा दैनिक जीवनमा हुने निराशाविरुद्ध कवितालाई हतियारका रूपमा प्रयोग गरेका कविका रूपमा आकाशका कविताको मूल्याङ्कन गरेका छन् । त्यसै गरी क्षितिज (२०८०) ले चाहिँ आकाशका कवितालाई थोरै शब्दमा गहन विचार, नवीन शिल्प र ताजा बिम्बले भरिएका कविताका रूपमा लिएका छन् । यी पूर्वअध्ययनमा आकाशका कविताको जीवनतत्त्वका रूपमा रहेको प्रेमको अध्ययन रिक्त नै रहेकाले यस लेखमा अमर आकाशका कवितामा अभिव्यक्त प्रेमको विश्लेषण गरी ती कविताको प्रेमको प्रक्रिया मूल्याङ्न गर्ने उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमा अमर आकाशको *टुङ्गना* कवितासङ्ग्रहमा सङ्कलित कविताहरूमा प्रयुक्त प्रेम र त्यसले कविताको जीवनमूल्य अभिवृद्धिका निम्ति खेलेको भूमिकाको मूल्याङ्कन गर्ने निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । उक्त कृतिको पहिलो खण्डबाट यसमा 'तिमी छैनौ', 'तिमी' र 'मसिहा पप्पी' गरी तीन ओटा कविताहरू उद्देश्यमूलक ढङ्गले चयन गरिएको छ । छनोट गरिएका तीन ओटा कवितामा प्रयुक्त प्रेमको स्वच्छन्दता, द्वन्द्वात्मकता, मौनता र उदात्तता अभिव्यक्तिका तथ्य र तथ्याङ्कलाई पाठात्मक विधिबाट प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्य र तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी अमर आकाशका कवितामा अभिव्यक्त प्रेमको स्वरूप र औचित्य उद्घाटन गर्न सैद्धान्तिक ढाँचा तयार पारिएको छ र पाठविश्लेषणबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई समुचित अर्थापनका साथ अध्ययनको निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक ढाँचा

प्रस्तुत लेखमा प्रेमको अभिव्यक्तिबाट कविताको अर्थमा अभिव्यञ्जित सौन्दर्यको विश्लेषण गर्न सैद्धान्तिक ढाँचा तयार पारिएको छ । साहित्यको ऐतिहासिक परम्परालाई दृष्टिगत गर्दा प्रेमको भावगत अवधारणामा स्रष्टाको आशय, पाठक/समालोचकको अभिरुचि र भावना एवम् सामाजिक सम्बन्धहरूको प्रभावले भूमिका खेलेको देखिन्छ । प्रेम हरेक सम्बन्धलाई सहृदयी ठान्ने र स्नेहको भावले हेर्ने प्रियताको उच्चतम रूप हो । यसले त्याग र समर्पणजस्ता सद्भावका माध्यमबाट व्यक्ति र समाजलाई एकीकृत गर्ने काम गर्दछ । त्यसैले संसारका प्रत्येक भौतिक वा अभौतिक संरचनाहरू प्रेमका उपज हुन् । प्रेमले प्रेमबाहेक न केही लिन्छ न केही दिन्छ । प्रेम न कसैको मालिक बन्छ, न त कसैलाई आफ्नो मालिक बनाउँछ, किनभने प्रेम आफैँमा नै सम्पूर्ण हुन्छ (जिब्रान, २०६२, पृ. १५)

। प्रेममा मालिक र दास जस्तो असमान सम्बन्ध हुनेवित्तिकै पूर्वाग्रह देखा पर्छ र यसबाट एउटाले प्राप्त गरिरहने र अर्कोले गुमाइरहने स्थिति सिर्जना हुन्छ । यस्तो सम्बन्ध जीवनको असुरक्षाको भयले एकआपसमा बाँधिनु र जैविक आवश्यकताले नजिकिनुसम्म मात्र सीमित हन्छ । प्रेमीप्रेमिकाको यस्तो असमान सम्बन्धलाई मार्क्सले वैयक्तिक स्वार्थ र सहानुभूतिका रूपमा अर्थ्याएका छन् । उनका अनुसार प्रेमका नाममा समाजमा देखिने यस्तो स्थिति महिला र पुरुषको आर्थिक र सामाजिक धरातलका आधारमा तय हुन्छ । स्त्री र पुरुषका बिचको प्रेमको विकास उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकासद्वारा निर्धारित हुने गर्दछ (कात्यायिनी, २०८०, पृ. ५२) । आर्थिक, सामाजिक र सांस्कृतिक रूपले उच्च स्थानमा रहेको पुरुष र त्यस आधारमा निम्न स्थानमा रहेकी महिलाबिचको सम्बन्धमा चाहिँ प्रेमभन्दा बढी स्वार्थ र सहानुभूति हाबी हुने उनको ठहर छ ।

खलिल जिब्रानले प्रेमलाई द्वन्द्वात्मक रूपबाट अर्थ्याएका छन् । उनका अनुसार प्रेमले जसरी मानिसलाई ताज पहिर्‍याउँछ, त्यसरी नै शूलीमा पनि चढाउँछ । प्रेम जसरी व्यक्तिको विकासको कारक हो, त्यसरी नै व्यक्तिको काटछाँटको साधन पनि हो (२०६२, पृ. १२) । त्यसो त रुमीले पनि प्रेमलाई विरोधाभाषी चरित्रको बताएका छन् (सिंह, २०८०, पृ. ) । मान्छेको जीवनमा प्रेम अपरिहार्य छ तर कामान्धता, आकर्षण र पूर्वाग्रहमा आधारित सम्बन्ध चाहिँ प्रेम होइन । मेरो भन्ने धारणा रहने हुनाले परिवार र नातासम्बन्धमा आधारित प्रेमलाई पूर्वाग्रह ठहराएका बुद्धले प्रेमलाई मैत्री र करुणाका सन्दर्भबाट हेरेका छन् (हन्ह, सन् २००८, पृ. २७७) । मैत्रीले आफूलाई मात्र नभई अरूलाई पनि हर्षित बनाउँछ भने करुणाले अरूको दुःखलाई हटाउन सक्छ । यसका साथै मैत्री र करुणामा कुनै प्रतिफलको अपेक्षा नहुने तथा मेरो वा आफ्नो भन्ने भावमा सीमित पनि नहुने भएकाले यस्तो प्रेममा दुःख वा निराशा हुँदैन । त्यसैले आफ्नो प्रिय मान्छेले महसुस गरिरहेको प्रशन्नता र पीडा दुवैको अनुभूति गर्नु नै प्रेम हो । जब प्रत्येक व्यक्ति अथवा प्रेमीप्रेमिका प्रसन्नता, शान्ति र सुखको अनुभूति गर्न सक्छन्, त्यही नै प्रेम हो; बुद्धले भनेको प्रेमको उदात्तता पनि यही नै हो । ओशो चाहिँ प्रेममा रहेको परम आनन्दको अनुभूति गराउने भावका कारण यसको दर्द पनि मिठो हुने बताउँछन् (२०७६, पृ. १६९) । यही कारण प्रेम आफैँमा मनमगन रहन गई औपचारिकता, आरती वा वन्दनाबिना पनि परिपूर्ण रहन्छ । यस अवधारणाले प्रेमलाई चञ्चल र केही वाचाल रूपमा अर्थ्याए पनि सुफी सन्त रुमीचाहिँ मौनतालाई प्रेमको भाषा बताउँदै बाँकी सबैलाई अनुवाद मात्र ठान्छन् (सिंह, २०८०, पृ. ३७) । उनका अनुसार प्रेम मौनताबाटै पनि सम्प्रेषित हुने अन्तर्मनको अलौकिक अभिव्यञ्जना हो जो बोलीमा पनि मौनता सञ्चार गरिरहन्छ । प्रेमसम्बन्धी उपर्युक्त दृष्टिकोणहरूमा दार्शनिक भिन्नता नभई प्रेमको चरणका लक्षणहरूको अभिव्यक्तिका कारण फरक जस्तो देखिएको मात्र हो । त्यसैले बुद्धले भनेको प्रेमको उदात्तता, ओशोले अर्थ्याएको प्रेमको स्वच्छन्दता, खलिल जिब्रानले भनेको प्रेमको द्वन्द्वात्मकता र रुमीले बताएको प्रेममा हुने भाषाको मौनता जस्ता अवधारणा एकापसमा अन्तरसम्बन्धित छन् । यसलाई प्रेमका चरणबाट पनि प्रस्ट पार्न सकिन्छ ।

मानिसको प्रेमसम्बन्धले आकर्षण, निकटता, विश्वास र समर्पण गरी चार तह पार गरेपछि मात्र पूर्णता प्राप्त गर्दछ । प्रथमतः मानिस कसैलाई देखेपछि वा महसुस गरेपछि उप्रति आकर्षित हुन्छ र उसलाई देख्ने, भेट्ने वा सुन्ने चाहनालाई बढाइदिन्छ । त्यसपछि आकर्षित व्यक्तिहरू निकट

हुन थाल्छन् । निकट हुँदै जाँदा एकापसको विश्वास बलियो बन्दै जान्छ र अन्तिममा दुवै एकअर्काप्रति समर्पित भएपछि प्रेमको चरण पूरा हुन्छ । यस प्रक्रियामा प्रेमको स्वच्छन्दता चाहिँ आकर्षणको चरणमा नै देखा पर्दछ भने निकटता बढ्दै जाँदा सम्बन्धलाई द्वन्द्वात्मक रूपले बुझ्ने गरिन्छ । यसपछिको विश्वासको चरणमा चाहिँ प्रेम मौनतामा फड्को मार्छ र अन्तिममा त्यो सम्बन्ध उदात्ततामा प्रवेश गर्छ । अतः प्रेम गर्ने व्यक्ति एकापसका खुसीका लागि सक्रिय रहनु तथा आफ्ना दुःख र आकांक्षालाई बुझ्नुमा नै प्रेमको सार्थकता सिद्ध हुन्छ ।

प्रेमको अभिव्यक्तिका निम्ति स्वच्छन्दता, द्वन्द्वात्मकता, मौनता र उद्धात्तता जस्ता चार प्रकारका भावहरूको सृजना हुने ठहर दार्शनिकहरूले गरेका छन् तथापि बुद्धले चाहिँ प्रेमलाई दुई किसिमले हेरेका छन् र ती हुन् : (१) करुणा र मैत्री तथा (२) प्रसन्नता र पीडा ।

करुणा र मैत्री भनेको कुनै पनि प्रतिफलको अपेक्षा नभएको र आफ्नासँग मात्र सीमित नहुने उच्चतम मनोभाव हो । अरूको दुःख घटाउन मद्दत गर्ने, कुनै प्रकारको भेदभाव नगर्ने र कुनै किसिमको अपेक्षा वा स्वार्थ नराख्ने भएकाले यसबाट कुनै दुःख वा निराशा पैदा हुँदैन । बरु करुणाबाट सेवा गर्ने ऊर्जा प्राप्त हुन्छ । त्यसैले प्रेममा करुणा सर्वाधिक आवश्यक पक्ष हो । करुणा र मैत्रीले नै प्रेमलाई सीमितताबाट असीमिततातिर लैजान्छ । यही नै उदात्तताको परिणाम पनि हो र यसले व्यक्तिलाई अधिकाधिक शक्ति दिन्छ । यही भावका कारण आफ्ना सन्तानलाई मात्र स्नेह गर्ने आमाले सबैका सन्तानलाई उत्तिकै स्नेही भएर हेर्न सक्छे भने कुनै स्त्रीको प्रेममा परेको पुरुषले आफ्नी प्रेमिकालाई जस्तै सबै महिलालाई उत्तिकै सम्मान गर्न सक्छ ।

प्रेमले मानिसलाई प्रसन्नता र पीडा दुवैको अनुभूति गराउँछ । सामान्यतया हामीले भन्ने गरेको प्रेम आफ्ना प्रिय पात्र, परिवार, जाति र देशका सदस्यप्रतिको प्रेम हो जुन म र मेरा भन्ने भावमा आधारित हुन्छ । यसले परिस्थिति अनुकूल रहेको अवस्थामा व्यक्तिलाई सुखको अनुभूति दिलाउँछ । आफ्नो स्वार्थमा मात्र आधारित रहने र व्यापकतामा जान नचाहने भएकाले यसले आफ्ना प्रियजनको निकटताका क्षणमा व्यक्तिलाई प्रसन्न पनि राख्दछ तर आकर्षणका केन्द्रीयतामा सिर्जना हुने हुनाले यो भेदभावमा आधारित त हुन्छ नै । साथै भेदभावमा आधारित प्रेमबाट पूर्वाग्रह जन्मन्छ र मानिसले आफ्ना भनिनेबाहेक अरूप्रति उपेक्षा गर्न थाल्छ । कसैप्रतिको यस्तो झुकाव र पूर्वाग्रहका कारण नै व्यक्ति आफू पनि दुःखी हुन्छ र अरूलाई पनि दुःखी बनाउँछ । प्रसन्नता, आशा र कल्याणको भावना पनि प्रियजनको अभावबाट दुःखमा परिणत हुन सक्छ । त्यसैले प्रेममा नै दुःखको बीज विद्यमान हुन्छ (हन्ह, सन् २००८, पृ. २७५) । प्रेमको यस्तो द्वन्द्वात्मक सम्बन्धलाई पुष्टि गर्दै जिब्रान भन्छन्, "प्रेमले आफूतर्फ बोलाउँछ भने उसलाई पछ्याऊ यद्यपि उसका मार्गहरू कठिन र दुर्गम छन् । उसले आफ्ना पङ्खभित्र तिमीलाई ओत्न चाहन्छ भने स्वयम्लाई समर्पण गरिदेऊ यद्यपि उसका पङ्खहरूबिच लुकेको तरवारले तिमीलाई घाइते पार्न सक्छ (२०६२, पृ. ११) । यस आधारबाट हेर्दा पनि प्रेममा सुख र दुःख दुवै विद्यमान हुन्छन् । प्रियजनसँगको निकटता, मिलन, उनीहरूको सफलता आदिबाट प्राप्त हुने सुखद क्षणले प्रसन्नता दिलाउँछ भने प्रियजनसँगको विछोड, धोकापछि हुने निराशा, अभिघात र त्यसले दिने आत्मघाती कदम कदमचाहिँ पीडाका परिणाम हुन् ।

यस प्रकार पाठमा अभिव्यक्त प्रेमको विश्लेषण गर्न बुद्ध (हन्ह, सन् २००८, पृ. २७७) ले बताएका दुई प्रकार : पहिलो– करुणा र मैत्री, दोस्रो– प्रसन्नता र पीडाका सैद्धान्तिक आधारमा अमर आकाशका कवितामा अभिव्यक्त प्रेमको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## विमर्श र परिणाम

अमर आकाशको *टुङ्गना* कवितासङ्ग्रहका कवितामा जीवनको परिपूर्णताको आकाङ्क्षाबाट सिर्जित प्रेमको मधुर आकांक्षा, अभाव र बेरोजगारीले जन्माएको विसङ्गत चिन्तन र दैनिक जीवनमा हुने अवरोध र असफलतासँग जुध्ने सम्बलको प्रकटीकरण गहन रूपमा भएको छ । उनका कवितामा दार्शनिकता पनि पाइन्छ र त्यो प्रेमको अभिव्यक्तिमा सचेततापूर्वक अग्रसर भई भावको पूर्णतातर्फ क्रियाशील भएको छ । उनले जीवनयापनका क्रममा आइलाग्ने भोक र यातनाविरुद्ध कविता सिर्जना गरेका छन् (शर्मा, २०८०) । आकाशको *टुङ्गना* कवितासङ्ग्रमा सङ्कलितमध्ये विश्लेषणका निम्ति चयन गरिएको 'तिमी छैनौँ' कवितामा प्रेमपछिको वियोगका क्षणको एक्लो र सहाराविहीन अनुभूतिलाई विपर्यासयुक्त बिम्बात्मक कथनद्वारा स्थापित गरिएको छ भने 'तिमी' कवितामा प्रेमलाई नै जीवनको आधार र अनुभूतिमा मात्रै पनि महसुस गर्न सकिने सौन्दर्यका रूपमा लिइएको छ तर 'मसिहा पप्पी' कवितामा चाहिँ प्रेमले दिएको आघात र जीवनको उपकार दुवैको कुशल प्रदर्शन भएको छ । उपर्युक्त कविताहरूमा प्रेमपूर्ण हुने र प्रेमलाई प्रयोजनपरक दृष्टिले प्रयोग गरिएका करुणा र मैत्री तथा प्रसन्नता र पीडाका अर्थगत सौन्दर्यका सन्दर्भहरूलाई केन्द्रमा राखेर यहाँ प्रेमको विमर्श बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

### करुणा र मैत्री

अमर आकाशका कवितामा करुणा र मैत्रीको प्रयोग सचेत ढङ्गबाट भएको छ । उनका कविताले प्रत्येक प्राणीको जीवनमा प्रेमको आवश्यकता दर्शाउँछन् तर पूर्वाग्रह, झुकाव र भेदभावमा आधारित सम्बन्धलाई मात्र प्रेमको परिवृत्तभित्र राख्न भने रुचाउँदैनन् । यसबाट नै उनका कवितामा अभिसिञ्चित प्रेमको प्रकटीकरण भएको छ । उसो त मानिसहरू यही समाजमा प्रेम गर्छन् र उनीहरूको प्रेम भौतिक जीवनस्थिति, सामाजिक सांस्कृतिक परिवेश एवम् मूल्यबाट स्वतन्त्र, अछुतो र निरपेक्ष हुन सक्तैन (कात्यायनी, २०८०, पृ. ४८) । त्यसैले उसले आफूसँग जोडिन आइपुग्ने हरेकलाई करुणा र मैत्रीको मावले हेर्दछ । 'मसिहा पप्पी' कवितामा मृत्यु र जीवनका बिचको द्वन्द्व सिर्जना गरी तयार पारिएको करुणा र मैत्रीमा आधारित प्रेमको कुशल योजना यस्तो छ :

> मैले त्यसो गर्नु असम्भव थियो
> आत्महत्या !
> असफलता र निराशाहरूसँग
> म धेरै लडेको छु, दिनरात
> अर्ती उपदेश दिएको छु, निराशहरूलाई
> तर अन्तमा
> धम्मपद र गीता पनि असफल भए
> र यौटा कुकुरको छाउरो... (पृ. ४६)

कवितांशको प्रारम्भमा असफलता र निराशाहरूसँग लड्दै आएको कविताको वक्ता जीवनप्रति अत्याधिक आशावादी देखिन्छ । त्यसैले ऊ आफूले आत्महत्या गर्नुलाई असम्भव

ठहऱ्याउँछ र निराश भएका व्यक्तिहरूलाई बाँच्नको लागि उपदेश दिएको पनि बताउँछ । त्यसपछि आएको 'तर अन्तमा/धम्मपद र गीता पनि असफल भए' भन्ने पदावलीले उसको जीवनप्रतिको आशा खण्डित भएको ध्वनित हुन्छ र यसले उसको बाँच्ने आशा समाप्त भएको सङ्केत गर्छ । त्यसपछि 'र एउटा कुकुरको छाउरो...' भन्ने पदावलीले झनै पाठकको मनमा 'के भयो होला ?' भन्ने खुल्दुली सिर्जना गरिदिन्छ । यही जिज्ञासाका बिच वक्ताले असफलताहरूसँग जुध्दै जिउनका लागि गरेका आफ्ना प्रयास निस्प्रभावी हुनुको कारण कवितामा यसरी खुलाएको छ :

सबैभन्दा पहिले मलाई आमाले धिक्कारिन्
मैले कुनै पेसा अपनाउन सकिनँ, निर्वाहका निम्ति
अनि प्रेमिका टाढिइन्
आम्दानी गर्ने बाटो मेरो थिएन....
तर ३९ को उमेरमा दोस्रो प्रेमिका गुमाउनु
बास नहुनुभन्दा पनि असह्य कुरा हो....
प्रेमीले धोका दिएर पासो लगाउने,
विष खानेहरू मैले देखेको छु....
तर मैले त्यसो गर्नु असम्भव थियो
आत्महत्या ! (पृ. ४६–४७)

कवितामा घटनाक्रमसँगै भावको पनि क्रमिक विकास हुँदै जान्छ र पहिले आत्महत्याप्रति वितृष्णा राखेको वक्ता कविताको मध्यतिर आइपुग्दा चाहिँ आफ्ना प्रियजनको तिरस्कारका कारण विचलित भएको देखिन्छ । आम्दानी गर्नु वा पैसा कमाउन नसक्नु नै यसको कारण हो तर कारण एउटै भए पनि उसका सम्बन्धहरू चाहिँ दुईटै धरापमा परेका छन् । यदि कुनै प्रेम अरूमाथि आफ्नो हक जमाउने स्वार्थमा आधारित छ भने त्यसले सुख शान्ति दिँदैन बरु त्यो बिस्तारै क्रोध र धृणामा बदलिन्छ (हन्ह, सन् २००८, पृ. २७९) । यहाँ पनि वक्ताको आमा र प्रेमिकासँगको प्रेम आम्दानीमाथि हक जताउने स्वार्थमा आधारित छ । यस्तो स्वार्थका कारण नै कवितामा दुःख निम्तिएको हो । यहाँ, एक साथ आमाले धिक्कार्नु र प्रेमिका पनि टाढिनुको पीडा खप्न नसकेपछि वक्ता आफूले कहिल्यै नचाहेको आत्महत्या जस्तो गम्भीर कदम चाल्न विवश भएको हो । तर यस्तो स्थितिमा पनि कसैको निस्वार्थ प्रेमले नै उसलाई अन्तमा आत्महत्या गर्नबाट भने जोगाएको छ । यसको सङ्केत कवितामा यसरी गरिएको छ :

अनि यौटा कुकुरको दुई महिने बच्चाले
कसैको अत्महत्या रोक्ने कुरा मलाई थाहा थिएन
काठमाण्डुको कुनै अन्धकार गल्लीमा
विषको सिमसार कुल्चन लागेको
मेरो खुट्टाको गोलीगाँठोमा
नरम र न्यानो जिब्रोले चाटेर
जीवनको गरम फाँटमा फर्काउन सक्छ भन्ने
मलाई साँच्चै थाहा थिएन । (पृ. ४७)

यहाँ, आत्महत्याका लागि वक्ताले विष सेवन गर्नै लाग्दा कुकुरको अबोध बच्चाले उसको खुट्टा चाटेर निस्वार्थ प्रेम दर्साएको छ । उसको यस्तो कदमले एकातिर वक्ताको दुःख घटाउन मद्दत गरेको छ भने अर्कातिर एक अर्कालाई प्रेम गर्ने ऊर्जा पनि प्राप्त भएको देखिन्छ । फलतः आत्महत्या

जस्तो निराश र विषाक्त क्षण पनि आशा र उमङ्गमा रूपान्तरण भएको हो । कुनै लाभ वा अपेक्षाबिना नै वक्ताप्रति उसले गरेको यो प्रेम करुणा र मैत्रीको उच्चतम स्वरूप हो जुन कुनै प्रतिफल र आफ्ना (सजाति) हरूसँग मात्र सीमित छैन; आफ्नो र अर्को भन्ने किसिमको भेदभावमा आधारित पनि छैन । स्वयम्लाई सम्पूर्ण बनाउनेभन्दा प्रेमको अर्को आकांक्षा हुँदैन (जिब्रान, २०६२, पृ. १५) । यहाँ पप्पी र कविताको वक्ता दुवैले प्रेमबाटै एकापसमा पूर्णता प्राप्त गरेका छन् । त्यसैले यसबाट कविताको वक्तालाई आमा र प्रेमिकासँगको प्रेमबाट प्राप्त दुःख वा निराशाभन्दा कयौँ गुण बढी सुख र आशा प्राप्त भएको छ । बुद्धले भनको प्रेमको उद्धात्तता पनि यहाँ प्रायोगिक रूपले नै सिद्ध भएको छ ।

अतः 'मसिहा पप्पी' कवितामा अपेक्षा र ममत्वमा आधारित प्रेमबाट प्राप्त दुःख र निराशालाई सदाशयतामा आधारित प्रेमले शान्ति र सुखमा परिणत गरेको छ । यही प्रेमको उदात्त स्वरूप सम्प्रेषणका लागि कवितामा गरिएको वस्तुविन्यास पनि प्रेमको द्वन्द्वात्मक सम्बन्ध उद्घाटन गर्न तथा 'पप्पी' र कविताको वक्ताको मैत्री र करुणामा आधारित आपसी सम्बन्ध प्रसारमा सार्थक ठहर्दछ भने करुणामा आधारित प्रेमबाट प्राप्त ऊर्जाले चाहिँ आत्महत्या जस्तो गम्भीर सङ्कट निवारण गर्न सक्छ भन्ने आशावादी सन्देश प्रवाह गर्न पनि कविता सफल रहेको छ ।

## प्रसन्नता र पीडा

अमर आकाशका कवितामा अभिव्यक्त प्रेमले प्रसन्नता र पीडा दुवैको द्वन्द्वात्मक सम्बन्धलाई स्वाभाविकता प्रदान गरेका छन् । कवितामा अभिव्यञ्जित प्रेमको प्रभावसँगै भेदभाव, अपेक्षा र लगाव पनि जोडिएका कारण त्यसबाट प्राप्त हुने सुख र दुःखको आयोजना पनि सशक्त ढङ्गले भएको पाइन्छ । 'तिमी' कवितामा प्रेमिकासँगको प्रेमबाट प्रतिफलित प्रसन्नता र जीवनको पूर्णतालाई केन्द्रमा राखेर त्यसबाट प्राप्त पीडाको स्वीकारोक्ति पनि स्वाभाविक किसिमले गराइएको छ ।

यस कविताको प्रारम्भमा नै मान्छे अनिच्छित मृत्यु र जन्मको चक्रमा परेको सन्दर्भ प्रस्तुत गरी प्रेमको मार्ग दुर्गम र कठिन रहेको सङ्केत गरिएको छ । दोस्रो अनुगुच्छमा "ए मेरी !" भनेर प्रेमिकालाई सम्बोधन गरेको वक्ताले तेस्रो अनुगुच्छमा "तिमी सुनाखरी हौ" भन्छ अनि चौथो अनुगुच्छमा "मेरो काटिएको नाभीमा फुलेकी कमल" (पृ. ३७) भन्दै कविताको अन्त्यमा 'आठौँ सुर सुस्ताउँदै बगिरहेको आकाशगङ्गा' का रूपमा प्रेमलाई परिभाषित गरेको छ । यस क्रममा प्रेमबाट सुख, प्रसन्नता र पीडाको अनुभूति हुने अर्थलाई यसरी काव्यात्मक बनाइएको छ :

मानिसहरू भन्लान्/यो पूर्णिमाको छाल हो
तर तिमी सुनाखरी हौ/मेरो मृत मेरुदण्डमा पलाएको
जहाँ मेरो निद्रा बन्धकी बसेको थियो
र अहिले बटुलिरहेको छु
सृष्टिको पहिलो बिहान छाएको इन्द्रेणीका टुक्राहरू
मोक्षको सात रङ/मेरो पहिलो रुवाइ/आँसुको माला (पृ. ३७)

प्रेमलाई 'तिमी' का रूपमा चिनाइएको यस कवितांशमा आएका 'पूर्णिमाको छाल' र 'सुनाखरी' जस्ता रूपकले प्रेममा निहित उथलपुथल र सुख वा खुसीलाई बिम्बात्मक बनाएका छन् । प्रेमलाई अरूले पूर्णिमाको छाल (क्षणिक र उथलपुथलकारी) भन्न सक्ने सम्भावनाप्रति विमति राख्दै

वक्ताले यसलाई आफ्नो 'मृत मेरुदण्डमा पलाएको सुनाखरी' भनेको छ र यसको अर्थ हो निस्सार र निरूपाय जीवनमा देखा परेको खुसी र प्रसन्नता । यसपछिका पङ्क्तिमा आएका 'निद्रा बन्धकी बसेको', '...इन्द्रेणीका टुक्राहरू बटुलिरहेको', 'मोक्षको सात रङ', 'पहिलो रुवाइ' र 'आँसुको माला' जस्ता विपर्यासयुक्त बिम्बात्मक पदावलीले पनि प्रसन्नता र पीडाको अनुभूतिलाई नै सम्प्रेषण गरेका छन् । 'तिमी' प्रतिको वक्ताको परनिर्भरता र अपेक्षाले पनि यहाँ खुसी र पीडालाई नै सन्निहित बनाएको छ । यस सन्दर्भमा प्रेम कसैको विकासको कारक र काटछाँटको साधन हो (पृ.१२) भन्ने जिब्रानका भनाइ पनि सार्थक ठहर्दछन् । यसरी प्रेममा सँगसँगै जोडिएर आउने सुकोमल र कठोर दुवै भावलाई देखाउन सक्नु कविको भावावेगको कुशल जोडाइ हो ।

'तिमी छैनौँ' कवितामा चाहिँ प्रेमको परनिर्भरतामा रमाएको प्रेमी एक्लिनुपरेपछिको छटपटी, पीडा र हतास अनुभूतिसहितको वियोगपूर्ण वातावरण सिर्जना गरिएको छ । यसले प्रेममा राखेको अपेक्षाका कारण प्रेमीमा यतिसम्म एक्लो अनुभूति सिर्जना भएको छ कि जिजीविषालाई नै समाप्त बनाएर वक्ता महानिर्वाणमा विलय हुँदै गएको क्षणको अभिव्यञ्जना (पृ. ३६) दिएको छ । प्रेममा रहेको आग्रहका कारण सिर्जित परिस्थितिलाई कवितामा यसरी शृङ्खलित गरिएको छ :

> तिमी छैनौ/र आकाश
> यतिखेर बन्द गेट उभिएको छ
> तिमी साँचो थियौ/मैले चोरेको
> कुबेरको दरबारबाट (पृ. ३५)

यहाँ, कविताको वक्ताले आफ्नी प्रेमिका 'तिमी' लाई बन्द गेट जसरी उभिएको आकाशलाई खोल्ने साँचो भनेर हरेक किसिमका सङ्कटबाट पार लगाउन सक्ने शक्तिका रूपमा लिएको छ । कविताअनुसार दौलतका अधिपति मानिएका कुबेरको दरबारबाट चोरेर ल्याएको बताएर वक्ताले उसलाई आफ्नो निजी वस्तुमा सीमित पनि गरेको छ । करुणा र मैत्रीका माध्यमबाट प्रेमलाई असीमिततातिर अभिप्रेरित गर्दै उदात्त बनाउनुको साटो सीमित बनाउँदा प्रेमबाट पीडा निम्तिन्छ । यसको सङ्केत कविताका पङ्क्तिले क्रमैसँग गरेका छन् :

> तिमी छैनौ/र अहिले काँपिरहेछ धर्ती
> मेरो पैतलामुनि
> मेरो शरीरमाथि बर्सिरहेछ असिना
> र म सम्झिरहेछु तिम्रो शरीरको पसिना
> सूर्यले चुहाएको किरण
> तिम्रो खैरो छालामा बगिरहेको लाभाको नदी
> जहाँ म स्नान गर्दथेँ/तर अहिले...
> तिमी छैनौ/र म हतास
> चिसो फलामे बारभित्र कैद/चिडियाघरको बाघ
> उत्तर/पूर्व पश्चिम/दक्षिण/दिशा हराएको वायु (पृ. ३५)

प्रस्तुत कवितांशको प्रारम्भमा प्रेमिकासँग विछोडिएपछिका वक्ताका पीडित अनुभूतिहरू आएका छन् जसको सङ्केत 'पैतलामुनिको धर्ती काँपेको', 'शरीरमाथि असिना बर्सिरहेको' भन्ने बिम्बात्मक पदावलीले गरेका छन् । यही क्रममा वक्ताले प्रेमका क्षणका सुखद अनुभूतिको पनि पूर्वस्मरण गरेको छ जसमा प्रेमिकासँगको संसर्गका आनन्ददायी पलहरू वर्णित छन् । त्यसपछि

प्रेमिकासँगको वियोगबाट उसले अनुभूत गरेका हतास र निरूपाय क्षणहरूको संवेदनात्मक प्रस्तुति रहेको छ । यसमा एउटै मान्छेसँगको प्रेमका कारण वक्ताले सुखद र दुःखद दुवै किसिमका पललहरू भोगेको देखिन्छ । उसलाई यौनसुख प्रदान गर्ने (लाभाको नदीमा स्नान) तथा 'फलामे बारभित्र कैद चिडियाघरको बाघ' र 'दिशा हराएको वायु' जस्तो हतास र निरूपाय बनाउने पनि प्रेम नै हो । प्रेमले जसरी ताज पहिर्‍याउँछ त्यसरी नै शूलीमा पनि चढाउँछ (जिब्रान, २०६२, पृ. १२) । यहाँ एकातिर वक्ताको प्रेममा अपेक्षा (प्रेमिकासँग साथै रहिरहने) जोडिएका कारण दुःख निम्तिएको हो भने अर्कातिर प्रेमिकासँगको परनिर्भरता (प्रेमिकाबिना दिशा हराएको वायु बनिजाने) र प्रेमको सीमितता भएकाले प्रेमिका साथमा नहुँदा पीडा भएको हो । यसले प्रेममा नै दुःखको बीज हुन्छ भन्ने बुद्धको भनाइलाई सार्थक पनि बनाएको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा अमर आकाशको *टुङ्गना* कवितासङ्ग्रहमा सङ्गृहीत तीन ओटा कवितामा प्रयुक्त प्रेमले सम्प्रेषण गरेको अर्थको खोजी गरी तिनको दार्शनिक प्रभावको मूल्याङ्कन भएको छ । प्रेमको दर्शनबाट सैद्धान्तिक आधार लिएर कवितामा प्रेमको प्रभाव सम्प्रेषणमा प्रयोग गरिएका करुणा र मैत्री तथा प्रसन्नता र पीडाको अभिव्यक्तिबाट सिर्जित वैचारिक सौन्दर्यको उद्घाटन यिनमा भएको छ । अमर आकाशका कवितामा प्रयुक्त प्रेमको एउटा पक्ष करुणा र मैत्रीको दार्शनिकताले आग्रह र अपेक्षारहित असीमित प्रेममा जोड दिइएको छ । करुणाका माध्यमबाट अरूको दुःख घटाउन मद्दत गरेको पाइन्छ भने मैत्रीले चाहिँ म र मेरो भन्ने सीमित घेराबाट निकालेर प्रेमलाई असीमिततामा अर्थ्याउने काम गरेको छ । यसलाई 'पप्पी' को प्रेमले आत्महत्या जस्तो गम्भीर सङ्कट निवारण गरेको दृष्टान्तद्वारा सार्थक तुल्याइएको छ । अतः यस दृष्टिले उनको 'मसिहा पप्पी' कविताको दार्शनिकता अरूको तुलनामा अधिक पाइन्छ । आकाशका कवितामा प्रसन्नता र पीडाको अभिव्यक्तिको अवस्थाको विश्लेषण गर्दा तिनमा प्रेमको सम्प्रेषणका निम्ति अपेक्षा र आग्रहको खोजी अधिक भएको छ । प्रेमलाई आफ्नाहरूमा सीमित गरेका कारण त्यसले प्रेमिकासँगको निकटता र संयोगका अवस्थामा प्रसन्नताको अनुभूति गराउन सकेको छ तर प्रेमिकासँगको दूरताबाट चाहिँ एक्लो र निराश भएको मनस्थिति सम्प्रेषण गरी प्रेमबाट हुने पीडाको परिणामलाई उनका कवितामा सघन बनाइएको छ । यस दृष्टिले उनको 'तिमी' कविताले प्रेमिल क्षणमा प्रसन्नता र पीडासँगै जिउनुपर्ने द्वन्द्वात्मक वास्तविकताको बिम्बात्मक अभिव्यक्ति दिन सकेको छ भने 'तिमी छैनौ' कविताले चाहिँ अपेक्षा र परनिर्भरतामा आधारित प्रेमले दिएको पीडानुभूति सम्प्रेषण गरेर पाठकलाई विषाद अवस्थातर्फ अभिमुख गरेको भए पनि 'मसिहा पप्पी' कविताले प्रेमको सकारात्मक र अझै गहन अध्ययनतिर पाठकलाई आकर्षित गरेको छ । समग्रमा यस अध्ययनबाट अमर आकाशका कवितामा प्रेमबाट हुने प्रसन्नता र पीडा तथा करुणा र मैत्री दुवै किसिमका अर्थ सम्प्रेषण उत्तिकै प्रभावकारी रहेको निष्कर्ष प्राप्त भएको भए पनि वक्ताको प्रेमप्रतिको मूल आशयचाहिँ उदात्तताबिना प्रेम हुन सक्दैन भन्ने कुराको पुष्टिमा केन्द्रित छ । प्रेममा सुखद एवम् दुखद सीमित लौकिक अनुभवको विपर्यासका माध्यमबाट तीव्र र जीवन्त असीमित अलौकिक अनुभूतिको अभिव्यञ्जना प्रकट हुन्छ भन्ने काव्यिक सौन्दर्यपूर्ण निष्कर्ष नै यस अध्ययनको उपलब्धि हो ।

## सन्दर्भसामग्री


आकाश, अमर (२०८०). *टुङ्गना.* ललितपुर : ह्वाइट लोटस बुक सप ।

ओशो (२०७६). *प्रेम के हो ?.* (अनु.उद्धव उपाध्याय). काठमाडौँ : मधुवन प्रकाशन ।

कात्यायिनी (२०८०). *प्रेम, परम्परा र विद्रोह.* (अनु.वन्दना ढकाल). काठमाडौँ : बेला पब्लिकेसन्स ।

क्षितिज, रमेश (२०८०). अमर आकाशका लागि प्रशंसाका केही शब्द. *टुङ्गना.* (ले. अमर आकाश). ललितपुर : ह्वाइट लोटस बुक सप. पृ. अनुल्लिखित ।

जिब्रान, खलिल (२०६२). *गुरु.* (अनु. नेत्र आचार्य र पुष्प आचार्य). काठमाडौँ : ट्रान्स रिप्रिन्ट ।

शर्मा, युयुत्सु आर.डी, (२०८०). अमर आकाशका लागि प्रशंसाका केही शब्द. *टुङ्गना.* (ले. अमर आकाश). ललितपुर : ह्वाइट लोटस बुक सप. पृ. अनुल्लिखित ।

साकार, शैलेन्द्र (२०८०). अमर आकाशका लागि प्रशंसाका केही शब्द. *टुङ्गना.* (ले. अमर आकाश). ललितपुर : ह्वाइट लोटस बुक सप. पृ. अनुल्लिखित ।

सिंह, नाज (२०८०). एटम, रुमी र सेक्सपियर : काव्यिक प्रेमको तुलना. *काव्यिक मौनताको उपासना.* (प्र.सम्पा.) भरतकुमार भट्टराई (पृ. ३७–४९) मा सङ्कलित. काठमाडौँ : शब्द–साया ।

हन्ह, तिक न्याक (सन् २००८). *जहं जहं चरण परे गौतम के.* (अनु. रामचन्द्र तिवारी). नई दिल्ली : फूल सर्कल पब्लिसिंग ।